वातावरणीय न्यायमा पहुँच अभिवृद्धि

दक्षिण एशियामा वकालत तथा कानूनी साक्षरताका लागि तयार पारिएको स्रोत पुस्तक

जे. मिजिन चा, पिएच.डि.
अनुवादकः राजेन्द्र घिमिरे, एम.ए., एम.सि.एल.

ICIMOD

इसिमोडको बारेमा

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) एक स्वतन्त्र 'पर्वतीय अध्ययन तथा ज्ञानको केन्द्र' हो। यस संस्थाले हिन्दू कुश-हिमालय क्षेत्रका आठ राष्ट्रहरू (अफगानिस्तान, बङ्गलादेश, भुटान, चीन, भारत, म्यानमार, नेपाल, र पाकिस्तान) र विश्वभरीको पर्वतीय समुदायलाई सेवा प्रदान गरिरहेको छ। वि.सं. २०३८ (सन् १९८३) मा स्थापना भएको इसिमोडको प्रधान कार्यालय नेपालको काठमाण्डौमा अवस्थित छ। यस संस्थाले आफ्ना क्षेत्रीय सदस्य राष्ट्रहरू, साझेदार संस्थाहरू र दाता राष्ट्रहरूलाई विकास क्रियाकलापहरूका लागि प्रतिबद्ध भई हिन्दू कुश-हिमालय क्षेत्रको भविष्य सुरक्षित राख्न एउटै साझा कार्यथलोमा ल्याउने गर्दछ। यस केन्द्रलाई विशेष गरी अष्ट्रिया, डेनमार्क, जर्मनी, नेदरल्याण्डस्, नर्वे, स्वीजरल्याण्ड, क्षेत्रीय सदस्य राष्ट्रहरूका साथै अन्य तीसभन्दा बढी दातृ संस्थाहरूले सहयोग प्रदान गरेका छन्। यस केन्द्रको प्रमुख उद्देश्य आर्थिक तथा वातावरणीय हिसाबले सुदृढ पर्वतीय वातावरणीय प्रणाली को प्रवर्द्धन गर्नु र पर्वतीय जनसमुदायको जीवनस्तरमा सुधार गर्नु रहेको छ।

वातावरणीय न्यायमा पहुँच अभिवृद्धि

दक्षिण एशियामा वकालत तथा कानूनी साक्षरताका लागि तयार पारिएको स्रोत पुस्तक

जे. मिजिन चा, पिएच.डि.

अनुवादक: राजेन्द्र घिमिरे, एम.ए., एम.सि.एल.

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र **(ICIMOD)**
काठमाण्डौं, नेपाल
नोभेम्बर २००७

This publication is a full text translation of the book 'Increasing Access to Environmental Justice' originally published in English by the International Centre for Integrated Mountain Development (ICIMOD) in Kathmandu, Nepal in 2007 with ISBN 978 92 9115 021 2

यो प्रकाशन अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र, काठमाण्डौ, नेपालले सन् २००७ मा अंग्रेजीमा प्रकाशित पुस्तक 'Increasing Access to Environmental Justice' को पूर्ण अनुवाद हो र यसको ISBN 978 92 9115 021 2 हो ।

प्रतिलिपि © २००७

सर्वाधिकार अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रमा निहित

प्रकाशक

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र
पोष्ट बक्स नं. ३२२६
काठमाण्डौं, नेपाल

ISBN 978 92 9115 065 6 (printed)
978 92 9115 072 4 (electronic)

सम्पादकीय समूह

सुसन सेलर्स श्रेष्ठ (परामर्शदाता सम्पादक)
ए. वेट्रिस मुर्रे (वरिष्ठ सम्पादक)
धर्मरत्न महर्जन (प्राविधिक सहयोग तथा साजसज्जा)
आशाकाजी थकू (नेपाली सम्पादक)

मुद्रण

हिलसाईड प्रेस
काठमाण्डौं, नेपाल

पुनरुत्पादन

शैक्षिक वा गैर-नाफामुखी प्रयोजनका लागि प्रकाशकको विशेष अनुमति विना नै यो पुस्तकको सम्पूर्ण वा केही भाग पुनर्उत्पादन गर्न सकिनेछ । यसो गर्दा स्रोतको भने उल्लेख गर्नुपर्नेछ । यस पुस्तकलाई स्रोत सामग्रीको रूपमा प्रयोग गरिएका प्रकाशनहरूको एक प्रति इसिमोडलाई प्राप्त भएमा इसिमोड आभारी हुनेछ ।

इसिमोडको पूर्व लिखित स्विकृती विना यस प्रकाशनको बिक्री वितरण वा अन्य कुनै व्यावसायिक प्रयोग गर्न पाइने छैन ।

नोट

यस पुस्तकमा अभिव्यक्त विचार तथा धारणाहरू लेखीकाका निजी हुन् ।

This publication is available in electronic form at http://books.icimod.org

विषय-सूची

प्राक्कथन
धन्यवाद ज्ञापन

परिचय
यो स्रोत पुस्तकका बारेमा
यो स्रोत पुस्तक कसरी प्रयोग गर्ने

भाग १ वातावरणीय न्याय १

परिच्छेद १: वातावरणीय न्यायको परिचय ३
परिच्छेद २: कानूनी उपचारको बाटो वा कानूनी संयन्त्रहरू १३
परिच्छेद ३: प्रथाजनित/परम्परागत र औपचारिक कानून १८

भाग २ बङ्गलादेश, भारत र नेपाल २३

परिच्छेद ४: बङ्गलादेश २५
परिच्छेद ५: भारत ३७
परिच्छेद ६: नेपाल ४७

सन्दर्भ-सूची ५७

अनुसूचीहरू ६१

अनुसूची १: कानूनी शब्दावली ६३
अनुसूची २: सार्वजनिक सरोकारका मुद्दा ६६

प्राक्कथन

हिमालय क्षेत्रका स्थानीय बासिन्दा र समुदायहरुका लागि वातावरणीय न्यायका विषयहरू जीवनयापनको अभिन्न अंग बनेका छन् । परम्परागत रूपमा धेरैजसो पर्वतीय क्षेत्रका बासिन्दाहरूको जमीनमा पहूँच, हक र जमीन प्रयोग गर्ने अधिकारनै जीविकोपार्जन र परिवारको पालनपोषणको प्रमुख आधार रहेको छ । पर्वतीय क्षेत्रका बासिन्दाहरुका लागि वातावरण संरक्षण वा लगानी वा तत्कालिन आवश्यकता पूर्ति गर्नका लागि हक र जमीन प्रयोग गर्ने अधिकार प्रमूख उत्प्रेरक तत्वको रूपमा रहेको हुन्छ। विभिन्न क्षेत्रमा रहेका व्याप्त अन्याय अशान्ति र हिंसात्मक द्वन्दका स्रोत पनि भएका छन् ।

पर्वतीय समुदायमा वातावरणीय न्यायका नयाँ मुद्दाहरू पनि उठ्ने गरेका छन् । वर्तमान समयमा यस क्षेत्रका हिमाली भेगको वातावरणीय संघर्षको उदाहरणको रूपमा जल विद्युत् उत्पादन (जस्तै:- बाँधको पानी बहावमा परिवर्तन, पुनर्बास) पर्वतीय क्षेत्रका बासिन्दाले गर्ने गर्दछन् भने त्यसको धेरै जसो फाईदा (जस्तै:- सुरक्षित तथा वातावरण मैत्री सिंचाई तथा विद्युत्) को उपयोग शहरी तथा तल्लो समथर जमीनमा वस्ने बासिन्दाले गर्ने गर्दछन् ।

वातावरणीय न्यायको आधारभूत विषयवस्तु वातावरणीय दायित्व बाँडफाँडका संयन्त्रहरूको खोजी/अन्वेषण गर्नु र यस्ता बोझहरू समाजको कमजोर समुदायको काँधमा मात्र नपरोस् भनी सुनिश्चित गर्नु पनि रहेको छ । यो प्रत्येक व्यक्तिको स्वच्छ तथा स्वस्थ वातावरणमा बस्न पाउने मौलिक अधिकारमा आधारित छ । विकास कार्यक्रमको दीगोपन, वातावरण संरक्षण तथा मानिसको सामाजिक तथा आर्थिक असमानता कम गर्न त्यस क्षेत्रका सबै वर्गका मानिसहरूमा वातावरणीय समस्या समान रूपमा बाँडफाँड गर्नुपर्ने कुरा इसिमोडको पर्वतीय क्षेत्रको विकासमा धेरै लामो समयदेखिको अनुभवले प्रष्ट्याएको छ ।

इसीमोडका धेरैजसो सदस्य राष्ट्रहरूमा वातावरणीय न्याय प्राप्तिका लागि राम्रा कानूनी आधारहरू छन् । तर कानूनी उपाय, प्रक्रिया र तिनको कार्यान्वयनका बारेमा न्यून ज्ञान देखिन्छ । दक्षिण एशियामा वकालत तथा कानूनी साक्षरताका लागि सहयोगी पुस्तिकाको रूपमा प्रकाशित यो पुस्तकले वातावरणसम्बन्धी ज्ञानको कमीलाई कम गरी वातावरणीय न्यायका अवसरलाई सहज गर्ने प्रयास गर्नेछ भन्ने विश्वास लिएको छु । बङ्गलादेश, भारत र नेपालका उदाहरणसहित पुस्तकमा संग्रहित वातावरणीय न्यायसम्वन्धी कुराहरुले पाठकहरूलाई ती देशका वातावरणसँग सम्बन्धित आधारभूत कानूनी अवधारणा तथा अभ्यासहरूको बारेमा अवगत गराउनेछ । त्यसैगरी वातावरणसम्बन्धी महत्वपूर्ण विषयको तालीम कार्यक्रममा समेत यो पुस्तक स्रोत सामाग्रीको रूपमा सहयोगी सिद्ध हुनेछ ।

यो पुस्तक फोर्ड फाउन्डेसन र इसिमोडद्वारा २००४ मा "अल्पसंख्यकको अधिकार र वातावरणीय न्याय" नामक परियोजना कार्यान्वयनको परिणाम हो । यो पुस्तक सीमान्तकृत वर्गमाथि पर्ने वातावरणीय प्रभाव कम गर्न तत्पर तथा समावेशी र वातावरणीय रूपले दीगो समाजको स्थापनामा लागि परेका व्यक्ति तथा संस्थाका लागि उपयोगी हुने मैले विश्वास लिएको छु ।

जे. ग्याब्रियल क्याम्पबेल, पिएच.डि.
महानिर्देशक, इसिमोड
मार्च, २००७

धन्यवाद ज्ञापन

यो पुस्तकको तयारी इसिमोडको 'हिन्दू कुश-हिमालय क्षेत्रको वातावरणीय न्यायमा अल्पसंख्यकको अधिकार' नामक आयोजना अन्तरगत तयार गरिएको हो। फोर्ड फाउन्डेसनको आर्थिक सहयोगमा सञ्चालित उक्त परियोजना वातावरणीय न्याय प्रतिको बुझाई तथा सोको पहुँच बढाउने माध्यमको एक भाग हो। जीविकोपार्जनको सुरक्षा गर्दा गरीने प्राकृतिक स्रोतउपर पहुँच र तिनको उपयोग गर्दा हुने संघर्ष नै वातावरणीय न्याय वा अन्यायका अभिन्न अंग हुन्। म यो पुस्तक उनीहरूमा समर्पित गर्दछु जसले आफ्नो अधिकारको रक्षाको लागि बहादुरीपूर्वक संघर्ष गरिरहेका छन्। मलाई विश्वास छ की यो पुस्तकले उनीहरूको संघर्षलाई सहयोग गर्न औजारको रूपमा काम गर्नेछ।

मलाई पर्वतीय क्षेत्रमा काम गर्ने र यो पुस्तक तयार गर्ने अवसर प्रदान गर्नु भएकोमा म फोर्ड फाउन्डेसन, इसिमोड, र इसिमोडका महानिर्देशक डा. जे. ग्याब्रियल क्याम्पबेल प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। मसँगै संस्कृति, समता, लैङ्गिक समन्याय र सुशासन कार्यक्रममा कार्यरत डा. माईकल कोलमेर र सबै मित्रहरूप्रति धन्यवाद ज्ञापन गर्दछु। सुश्री राधिका गुप्ताले पुऱ्याउनु भएको सहयोग र समर्थनको लागि वहाँलाई विशेष धन्यवाद दिन चाहन्छु। त्यसैगरी सम्पादन कार्यमा सहयोग पुऱ्याउने श्री सुसन सेलर्स श्रेष्ठ र पुस्तकलाई आकर्षक बनाउन धर्मरत्न महर्जनले गर्नुभएको सहयोगले नै पुस्तक यो रूपमा प्रकाशित भएको हो। आई.यु.सि.एन. नेपालका नारायण बेलवासेले गर्नुभएको पुनरावलोकनले विषयवस्तुमा अझ बढी जानकारी प्रदान गर्नुका साथै नेपालको अन्तरिम संविधानको बारेमा अद्यावधिक गरेको छ।

फिल्डमा कार्यरत मेरा साथी तथा सहकर्मीहरू जसले यो पुस्तकको विषयवस्तु यस रूपमा ल्याउनको लागि सहयोग गर्नु भएको छ, वहाँहरू सबैलाई विशेष धन्यवाद दिन चाहन्छु। ग्रीन हिलमा अवस्थित चट्गाउँ पहाडी क्षेत्र र त्रिनमूल उन्नयन संस्था र खग्राचारी जिल्लामा सम्पन्न वातावरणीय न्याय विषयक कार्यशालाका सहभागीहरूलाई पनि विशेष धन्यवाद दिन चाहन्छु।

अन्तमा, एउटा व्यक्तिगत टिप्पणी, मेरा परिवारजनको सहयोग र स्नेहको लागि र नेपालका मेरा मित्रहरू जसले मेरो नेपाल बसाईमा न्यानो वातावरण प्रदान गर्नुभयो वहाँहरु सबैलाई धन्यवाद दिन चाहन्छु।

डा. जे. मिजिन चा

परिचय

दक्षिण एशियामा वातावरणीय न्याय हालसालै विकास हुँदै गएको नयाँ अवधारणा हो। स्थानीय समुदायहरु बर्षौंदेखि वातावरण संरक्षणका लागि संघर्षरत छन्, वातावरणीय न्यायले त्यस्ता मुद्दाहरूलाई नयाँ कोणबाट हेर्दछ। वातावरणीय न्यायले प्रत्येक व्यक्ति, समुदाय, सीमान्तकृत र कमजोर सदस्यहरुको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार तथा तिनीहरुमा परेको र पर्न सक्ने जोखिमको निदानका उपायहरुको सुनिश्चितता प्रदान गर्दछ।

आधुनिक वातावरणीय न्यायको मौलिक अवधारणा सन् १९८० को दशकमा संयुक्तराज्य अमेरिकामा विकास भएको हो र दक्षिण एशियाको सन्दर्भमा वातावरणीय न्यायसँग सम्बन्धित विषय भिन्नै किसिमको रहेको छ। विशेषत: हिमालय क्षेत्रमा प्राकृतिक स्रोत साधनको पहुँच र त्यसको उपभोगले वातावरणीय भार के हो र के होइन भन्ने कुरा निर्धारण गर्न ठूलो योगदान पुऱ्याएको छ। उदाहरणका लागि जमीनको पहुँचले जीविकोपार्जनको लागि खेतीबाहेक अन्य आयस्रोत भएका व्यक्ति तथा समुदायभन्दा जीविकोपार्जनको लागि खेतीमा निर्भर रहने व्यक्ति तथा समुदाय बढि प्रभावित हुन्छन्।

यो स्रोत पुस्तकका बारेमा

यो पुस्तकको उद्देश्य समुदायमा आधारित संस्था र गैर-सरकारी संस्थामा कार्यरत व्यक्तिहरूको लागि स्थानीय-स्तरमा वातावरणीय न्यायमा चेतना अभिवृद्धि गर्न सन्दर्भ सामग्री तथा तालीम कार्यक्रममा स्रोत सामग्रीको रूपमा प्रयोग गरिने रहेको छ। स्रोत पुस्तकको मूल विषय वातावरणीय न्यायको सम्बन्धमा कसरी कानूनी सचेतना (आधारभूत कानूनी अवधारणा र अभ्यासको बारेमा परिचित गराउनु) अभिवृद्धि गर्ने भन्ने रहेको छ। न्याय प्राप्त गर्ने धेरै उपाय हुन सक्छन्, यो पुस्तकले यस्ता कानूनी उपायका बारेमा चर्चा गरेको छ किनभने कानूनको आधारभूत ज्ञान प्राप्त गर्नु न्याय प्राप्तीको पहिलो खुड्किलो हो।

प्रायजसो कानून र कानूनी प्रणालीको बारेमा जानकारी नभएका व्यक्तिलाई यी कुराहरू असहज लाग्दछन्। सामान्यत: कानून र कानूनी प्रणाली र विशेषत: वातावरणीय न्यायको विषयमा जानकारी दिनु यो पुस्तकको उद्देश्य रहेको छ। कानूनको आधारभूत ज्ञान भएपछि व्यक्तिले आफ्नो हक अधिकारको बारेमा र सो हक अधिकार कसरी प्रयोग गर्ने भन्ने बुझ्दछ। समुदाय वा व्यक्तिको वातावरणीय अधिकार संरक्षणको लागि कानूनहरू कसरी प्रयोग हुने गरेका छन् भन्ने बारे उदाहरणसहित यस पुस्तकमा चर्चा गरिएको छ।

यो स्रोत पुस्तक मुख्य दुई भागमा विभाजित छन्। भाग १ ले सामान्य विषयमा चर्चा गर्छ भने भाग २ ले देश विशेषका बारेमा चर्चा गरेको छ। भाग १ मा कानूनी साक्षरता अभिवृद्धि गर्ने, अर्को शब्दमा, कानूनको अवधारणाको बारेमा परिचित गराउने र परम्परागत कानून र औपचारिक कानून बीचको भिन्नताका बारेमा चर्चा गरेको छ। यस भागमा वातावरणीय न्यायको परिभाषा र कानूनी उपाय– कानून प्रणाली र कानून निर्माण प्रकृयामा संलग्न हुने कानूनी उपायको बारेमा जानकारी गरिएको छ।

भाग २ मा बङ्गलादेश, भारत र नेपालका संविधान तथा कानूनहरूमा भएका वातावरणसम्बन्धी प्रावधानहरूको विवेचना गरिएको छ। पुस्तक सम्पूर्ण वातावरणीय कानूनहरू समेट्नुको सट्टा पर्वतीय समुदायलाई प्रत्यक्ष प्रभाव पार्ने खालका कानूनहरूमा केन्द्रित छ। उदाहरणका लागि यस पुस्तकमा औद्योगिक प्रदूषणसँग सम्बन्धित कानूनहरू समेटिएका छैनन् र वनको प्रयोग र संरक्षणसम्बन्धी कानूनहरू समेटिएका छन्। औद्योगिक प्रदूषणले प्रायजसो गाउँभन्दा शहरी समुदायलाई असर पारेको हुन्छ। अर्कोतर्फ वनको प्रयोग र संरक्षणले पर्वतीय ग्रामीण क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूको जीवनमा ठूलो प्रभाव पारेको हुन्छ।

भाग २ मा प्रत्येक देशको वातावरणीय कानूनको बारेमा छुट्टाछुट्टै चर्चा गरिएको छ, जसले राष्ट्र-राष्ट्रबीचको कानूनको ज्ञान आदान-प्रदान गर्न सहयोग मिल्छ । उदाहरणका लागि नेपालमा वातावरणको क्षेत्रमा काम गर्ने व्यक्तिले भारत र बङ्गलादेश मा वातावरणीय कानूनको विकास कसरी भएको रहेछ भन्ने थाहा पाउँछन् र आफ्नो देशमा नयाँ वातावरणीय कानूनको लागि वकालत गर्दा अन्य देशका सफलताका उदाहरणलाई ध्यानमा राख्न सक्दछन् ।

कानूनी साक्षरता तथा थप जानकारीका लागि पुस्तकमा दुईवटा अनुसूचीहरू समावेश गरिएका छन् । अनुसूची १ मा पुस्तकमा प्रयोग गरिएका कानूनी शब्दहरूको अर्थ दिइएको छ भने अनुसूची २ मा सार्वजनिक सरोकारका मुद्दा (PIL) का बारेमा विस्तृत चर्चा गरिएको छ । विशेष गरी भारतमा सार्वजनिक सरोकारका मुद्दाको प्रयोग सन् १९८० को दशकदेखिनै वातावरणीय हक अधिकार प्राप्त गर्न/गराउनका लागि प्रायः प्रयोग हुने गरिएको छ । यसका लागि भारतमा न्यायपालिकाले सार्वजनिक सरोकारका मुद्दाको विषयमा विस्तृत विधिशास्त्र नै तयार गरिसकेको छ ।

यो स्रोत पुस्तक कसरी प्रयोग गर्ने

यो स्रोत पुस्तक दुई तरिकाले प्रयोग गर्न सकिन्छ। पहिलो, वातावरणीय न्यायका सवालहरू विषयमा सन्दर्भ सामग्रीको रूपमा र साथै वातावरणीय कानून र कानूनी प्रणालीको आधारभूत सामग्रीको रूपमा पनि प्रयोग गर्न सकिन्छ । दोस्रो, वातावरणीय न्यायका क्षेत्रमा काम गर्ने व्यक्तिहरू/वकिलहरू तथा समुदायमा आधारित संगठन र नागरिक समाजका सदस्यहरूलाई तालीम प्रदान गर्दा तालीम सामग्रीको रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

कार्यशालाको प्रास्तावित ढाचा

वातावरणीय न्यायको क्षेत्रमा कार्यरत संस्थाहरूको कानूनी साक्षरता अभिवृद्धि गर्न सहयोग गर्नका लागि निम्न बमोजिम दुई दिने तालीमको ढाँचा तयार पारिएको छ ।

उद्देश्यः वातावरणीय न्याय सम्वन्धी तालीमको अन्त्यमा सहभागीहरूले वातावरणीय न्यायको अवधारणा, रणनीति र प्रकृयाहरुको लेखाजोखा खोजी गर्नुका साथै सोलाई समसामयिक वातावरणीय न्यायका सवालहरूमा प्रयोग गर्न सक्षम हुनेछन् ।

पहिलो दिन

परिचयात्मक सत्रः सहभागीहरूबीच परिचय
अपेक्षा संकलन
तालीमको बारेमा जानकारी

चिया समय

पहिलो सत्रः वातावरणीय न्यायको अवधारणा र ऐतिहासिक विकासक्रम बारे सामान्य जानकारी र दक्षिण एशियाको परिप्रेक्ष्यमा छलफल (परिच्छेद १ को व्याख्यान तथा छलफल)

दिवा खाना

दोस्रो सत्रः वातावरणीय न्यायका रणनीति र प्रकृयाहरुः केटलम्यान सिटि मुद्दा र आदिवासी संघर्ष (परिच्छेद १)

समूह कार्य: सहभागीहरूलाई कम्तीमा २ समूहमा विभाजन गर्ने। प्रत्येक समूहलाई माथि उल्लेख एक-एक वटा सवालमा छलफल गर्न लगाई त्यसमा प्रयोग भएका रणनीति र प्रकृयाहरुको सूची तयार गर्न लगाउने। प्रत्येक समूहलाई उनीहरूले पत्ता लगाएका रणनीति र प्रकृयाहरु सहभागीहरू बीच प्रस्तुत गर्न लगाउने। तत्पश्चात् सहजकर्ताले परिच्छेद १ को अन्तमा दिइएका रणनीति र प्रकृयाहरु उल्लेख गरिएको हातेपत्र सहभागीहरूलाई वितरण गर्न सक्नेछन्।

चिया समय

तेस्रो सत्र: बङ्गलादेश, भारत र नेपालका वातावरणीय कानून सम्वन्धी जानकारी दिने (व्याख्यान विधि तथा परिच्छेद ४, ५ र ६ को अध्ययन सामग्री) सहभागीहरूको आवश्यकताअनुसार कुनै एक वा बढी राष्ट्रको बारेमा केन्द्रित रहन सकिनेछ।

दोस्रो दिन

चौंथो सत्र: वातावरणीय न्यायसम्बन्धी कानूनहरू लागू हुने अवस्थाका बारेमा परिवेश सुहाउँदा मामिला अध्ययन (केश स्टडी) का आधारमा विश्लेषण गर्ने (परिच्छेद ४, ५, वा ६)

समूह कार्य: सहभागीहरूले विशेष मामिलाको बारेमा छलफल तथा विश्लेषण गर्नेछन् जस्तै:

- परिच्छेद ४ मा दिइएको बङ्गलादेशको बेला (BELA) मुद्दा
- परिच्छेद ५ मा दिइएको भारतको दिल्ली वायु प्रदूषण मुद्दा।
- परिच्छेद ६ मा दिइएको नेपालको गोदावरी मार्बल मुद्दा र/वा थापा विरुद्ध जिल्ला वन कार्यालय मोरङको मुद्दा।

चिया समय

पाँचौं सत्र: कार्ययोजना: वातावरणीय न्यायको अवधारणा, रणनीति र प्रकृयाहरु आफ्नो परिप्रेक्ष/देशमा वातावरणीय न्यायको वकालत गर्न प्रयोग गर्न सकिन्छ। यो सत्रलाई सहयोग मिल्ने तालिका १: कानूनी संयन्त्रहरू विषयको हाते सामग्री दिन सकिनेछ (परिच्छेद २)।

समापन सत्र: पुनरावलोकन
मूल्याङ्कन
समापन